# बार्षिक प्रतिवेदन (२०८०-२०८१)

# विद्यार्थी जागरण मञ्च (विजाम)

## वीरगंज, पर्सा

BIJAM
Student Awareness Forum



# कृतज्ञता

विद्यार्थी जागरण मञ्च (विजाम) सबै सरोकारवाला सरकारी तथा गैर सरकारी संघ संस्था एवं स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकायहरुलाई प्रदेश नं. २ को चार वटा जिल्ला (पर्सा, बारा, रौतहट, सर्लाही) मा बिभिन्न जोखिममा रहेका लक्षित समुदाय माभ्क एच आई भि तथा यौन रोग नियन्त्रण कार्यक्रमका सेवाहरुलाई विस्तार गर्न सहयोग गर्नु भएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस अभियानमा साथ दिने यस संस्थाका सदस्यहरु वर्तमान एवं पुर्व कर्मचारीहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

**महेश अर्याल**
**अध्यक्ष**
**विजाम**

## संस्थाको परिचय

विद्यार्थी जागरण मञ्च (विजाम) (Student Awareness Forum -BIJAM) एक नाफा रहित विशुद्ध गैर सरककारी संस्था हो । २०५० सालमा एस. एल. सी. परिक्षा दिएर बसेका स्थानिय युवाहरुले आफ्नो फुर्सदको समयलाई सदुपयोग गर्ने अभिप्रायले अनौपचारिक रुपमा (तदर्थ समिति) समूह गठन गरी वीरगंज नगर क्षेत्रमा स्कुल स्तरिय क्रियाकलाप संचालन गरेका थिए । यो संस्था आफ्नो स्थापनाकाल देखि नै स्थानिय स्रोत साधानको परिचालन तथा समुदायको अगुवाईमा बाल बालिका, किशोर किशोरी, युवा माफ्त एच.आइ.भि र एड्स सम्बन्धि विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

### संस्थाकोबारे संक्षिप्त जानकारी :

| | | |
|---|---|---|
| सस्थाको नाम | :- | विद्यार्थी जागरण मञ्च (विजाम),पर्सा |
| सस्थाको मुख्य कार्यालय | :- | वीरगंज महानगरपालिक,वार्ड नं.८, पानीटंकी |
| सर्म्पक टेलिफोन नं | :- | ०५१-५२०५७६, |
| फ्याक्स नं | :- | ०५१-५२९६३० |
| ई मेल | :- | info@bijam.org, |
| Website | :- | www.bijam.org |
| सर्म्पक व्यक्तिको नाम | :- | महेश अर्याल, (अध्यक्ष) |
| | :- | president@bijam.org |

### संस्था दर्ता :

(क) जिल्ला प्रशासन कार्यालय, पर्सा

| | | |
|---|---|---|
| दर्ता न | :- | १६३/०५२ |
| दर्ता मिति | :- | २०५२/०६/३० |

(ख) समाज कल्याण परिषद्

| | | |
|---|---|---|
| आवद्धता न | :- | ३७६३/०५२ |
| आवद्धता मिति | :- | २०५२/११/०९ |

(ग) गृह मन्त्रालय

| | | |
|---|---|---|
| दर्ता न | :- | २७ |
| दर्ता मिति | :- | २०५६/०४/१७ |

(घ) आयकर कार्यालय

| | | |
|---|---|---|
| आय कर न | :- | ३०१६८३७३३ |
| दर्ता मिति | :- | २०६१/०८/०८ |

**अन्य संघ संस्थामा आबद्धता**

(क) गैर सरकारी संस्था महासंघ, पर्सा

(ख) प्रजनन् स्वास्थ्य समन्वय समिति,पर्सा

(ग) राष्ट्रिय क्षति न्यनिकरण संजाल, काठमाण्डौं

(घ) नानगान, काठमाण्डा

## विजामको भूमिका

वि. स. २०५२ मा सृजना भएको यस संस्थाको नाम विद्यार्थी जागरण मञ्च (विजाम) र यसलाई अंग्रेजीमा **Student Awareness Forum (BIJAM)** भनिन्छ। विजाम २०५२/२०५३ मा जिल्ला प्रशासन कार्यालय, पर्सामा आवद्ध भएको हो (द. नं. १६३/०५२) र समाज कल्याण परिषदमा पनि यो संस्था आबद्ध छ (आ. नं. ३७६३/०५२) र PAN #.३०१६८३७३३ हो। विजामले विगत २८ वर्षदेखि मुख्य रुपमा समाजमा एच. आइ. भि. सम्बन्धि जनचेतना विभिन्न परियोजना मार्फत सञ्चालन गर्दै आइरहेको छ। जनसमुदाय माभ संचालित यी कार्यक्रमहरुले एच. आइ. भि. सम्बन्धि चेतनामूलक सूचना स्कुल, क्यम्पसका विद्यार्थीहरु, कारखानाका कामदारहरु, लागू औषध प्रयोगकर्ताहरु, महिला यौनकर्मीहरु, महिला यौनकर्मीका ग्राहकहरु तथा विभिन्न जोखिममा रहेका समूहहरुलाई दिदै आईरहेको छ। यो सूचना सम्बन्धि कार्यक्रमहरु बर्तमानका बर्षहरुमा अभ्र जोखिम न्यूनिकरण, क्षति न्यूनिकरण, व्यवहार परिवर्तनमा गरिने सञ्चार, सफा सूई तथा सिरिन्जको प्रयोग, कण्डम वितरण, यौन रोग तथा लागू औषधको लागी प्रेषण एवम परामर्श सेवामा केन्द्रित भएको छ। विजाम आफ्नो क्षेत्रमा सबल समन्वय तथा एच. आई. भि. विरुद्धको अभियानमा सहभागीतामुलक प्रयासको लागी चिनिन्छ। एच. आइ. भि. को मुद्दा प्रत्येक लक्षित समुदायको लागी विचार योग्य अवस्थामा पुगेको र संक्रमित तथा प्रभावितको हक अधिकार, सबल तथा सौहार्दपुर्ण वातावरण सिर्जनाको लागी वकालत गर्नु पनि मुख्य क्रियाकलापमा मध्ये एक पर्छ।

संस्था द्वारा निर्मित पञ्च वर्षिय योजनामा तपसिल बमोजिमका लक्ष्य हासिल गर्ने योजना छ।

आगामी ५ वर्षभित्र -

- एच.आइ.भी. संक्रमण पता लगाई ९५ प्रतिशतलाई एआरभीमा आवद्ध गराईने तथा एआरभीमा आवद्ध भएका ९५ प्रतिशतको भाईरल लोड सप्रेस्ड गराउनको लागि काम गरीने छ ।
- एच. आइ. भि. संक्रमित तथा प्रभावितहरु माथी हुने गरेका वा हुन सक्ने लाञ्छना तथा भेदभाव कम हुनेछ ।
- समाजमा रहेका जोखिम पुर्ण व्यवहारमा लागेकाहरुको व्यवहारमा परिवर्तन आउनेछ ।
- समाजमा एच. आइ. भि. सम्बन्धि जनचेतना जगाईएको हुनेछ ।
- समाजमा एच. आइ. भि. को क्षेत्रमा कार्य गर्ने स्थानिय संघ संस्था विच सबल समन्वय हुनेछ जसले गर्दा एच. आइ. भि. को समस्यालाइ कम गर्न र संक्रमितको हक अधिकारकोलागी स्थानिय र राष्ट्रिय स्तरमा वकालतकोलागी सजिलो हुने छ ।

## परिकल्पना

आपसि सहयोगबाट सिर्जित एउटा सुरक्षित, स्वस्थ र सफा वातावरण भएको आत्म निर्भर र समृद्ध समाजमा हामी विश्वास गर्दछौ, जसले समाजका सबै तप्काहरु विषेशगरी एच.आई.भि भएका र यसबाट प्रभावित भएकाहरुमा जागरण ल्याउने, सहयोग गर्ने तथा हक अधिकारको रक्षा गर्ने काम गर्दछ ।

## ध्येय

विजाम नाफारहित एक गैर सरकारी सामाजिक संस्था हो । हाम्रो उद्देश्य सरकारी र गैर सरकारी संस्थाहरुको संजालद्धारा लक्षितवर्गको सहभागिता, साथी सचेतना र युवा परिचालनको माध्यमबाट एच.आई.भि.संकमणलाई रोकथाम गर्न, एच.आई.भि संकमित तथा प्रभावितहरुको हक अधिकारको लागि वकालत गर्न र एच.आई.भिको अत्यधिक जोखिममा रहेकाहरुलाई व्यवहार परिर्वतनका लागि सहयोग गर्नु हो । विजाम युवाहरु प्रति लक्षित भई उनीहरुको आवश्यकता अनुसार सीप, सुचना तथा स्रोतको व्यवस्थापनद्धारा उन्नत समाजको निर्माणमा सही निर्णय लिन सहयोग पुर्‍याउनु हो ।

## लक्ष्य

विजाम वर्तमान स्वास्थ्य तथा शैक्षिक प्रणालीलाई अझ सवल वनाउन सामुदायिक अग्रसरताको प्रवर्द्धनको लागि काम गर्दछ । आफ्ना बानी व्यवहार तथा जीवनका कारण व्यहोर्नु परेको लाञ्छना तथा भेदवाव र समाजमा रहेका मिथ्य तथा भ्रमहरु न्यून गर्ने काम गर्दछ । स्वास्थ्य सम्वन्धमा विशेष गरी एच.आई.भि र एड्स बारे जानकारी र समझदारी विकास गर्नका लागि विभिन्न कार्यक्रम र सूचना तथा श्रोत केन्द्र मार्फत केन्द्रित हुने गरेको छ ।

## मूल्य तथा मान्यता

- हामी समुदायको लागी समुदायको सहभागीतामा विश्वास राख्छौं ।
- संस्थामा जो कार्य गर्छन र जो सस्थाको कार्यबाट प्रभावित हुनेवाला हो सम्पुर्णको अधिकार, हामी आफ्नो पृष्ठभुमि, संस्कृति तथा परम्परालाइ कदर गर्दै सो अनुरुप कार्य गर्ने छौं ।
- हाम्रो कार्य गराईलाई उच्चस्तरिय मापन दिने खालको कार्य गर्नेछौं ।
- लागु औषध रोकथाम सम्वन्धि प्रचार प्रसार कार्यक्रम गर्ने छौं ।

- एच.आई.भि र एड्स तथा यौनरोग सम्बन्धि जनचेतन तथा क्षति न्युनिकरण कार्यक्रम गर्ने तथा स्वयंसेवी कार्यक्रम मार्फत युवा विकाश कार्यक्रम गर्नु ।
- स्वास्थ्य, शिक्षा तथा अन्य समाजिक कियाकलाप गर्नु ।

## परियोजना कार्यान्वयन

संस्थागत तथा परियोजनाका कार्यहरुलाई प्रचलित नियमानुसार संचालन गर्नको लागि विजामले विभिन्न समितिहरु तथा निति नियमहरु बनाई लागु गरेको छ ।

### समितिहरू

#### (क)व्यवस्थापन समिति

संस्था तथा परियोजनामा आइपर्ने विभिन्न कामहरु तथा समस्यालाई प्रचलित नियमानुसार व्यवस्थापन गर्न वित्त तथा प्रशासनका सम्पुर्ण कर्मचारी साथै परियोजना प्रमुख सहित परियोजना निर्देशकको नेतृत्वमा व्यवस्थापन समितिको गठन गरिएको छ ।

#### (ख) पदपुर्ति समिति

संस्था तथा परियोजनामा आवश्यक पर्ने कर्मचारीहरुको छनौट, सरुवा, बढुवा तथा अवकासको लागि पदपुर्ति समितिको गठन गरिएको छ ।

#### (ग) खरिद तथा जिन्सी समिति

संस्था तथा परियोजनामा आवश्यक पर्ने सर सामानहरु नियमानुसार खरिदको सिफारिस गर्न खरिद तथा जिन्सी समितिको गठन गरिएको छ ।

## निति तथा निर्देशिकाहरु

#### (क) कर्मचारी निर्देशिका

कर्मचारीहरुको छनौट, सरुवा, बढुवा, अवकास, सेवा, सुविधा, दण्ड, जरिवाना आदिको व्यख्या गर्न कर्मचारी निर्देशिका लागु गरिएको छ ।


#### (ख) लेखा निर्देशिका


प्रचलित नियम तथा कानून बमोजिम आर्थिक अभिलेख राख्न लेखा निर्देशिका लागु गरिएको छ ।

#### (ग) आर्थिक निर्देशिका

प्रचलित नियम तथा कानून बमोजिम आर्थिक कारोबार गर्न आर्थिक निर्देशिका लागु गरिएको छ ।

## विजामका कर्मचारीहरू तथा सदस्यहरूको विवरणः



# विजामद्वारा संचालित बिभिन्न परियोजनाहरु

## परियोजना १

## कार्यक्रमको नाम :सुईबाट लागु पदार्थहरुको लागि एचआईभि एण्ड एड्स कार्यक्रम

**कार्यक्षेत्र :**



### पर्सा जिल्ला

वीरगञ्ज महामहानगरपालिका आधार मानी वरिपरीका बिन्दबासिनी गाउँपालिक, पर्सागढी नगरपालिका, पकाहमैनपुर गाउँपालिक र पोखरिया नगरपालिकाहरुमा यो कार्यक्रम संचालित छ । पर्सा जिल्लाको हकमा १ डि.आई.सि.१ एक्सचेन्ज सेन्टर १ मौखिक प्रतिस्थापन केन्द्र संचालित छ साथै यस जिल्लामा ९ जना सामुदायिक कार्यकर्ता कार्य क्षेत्रमा परिचालित छन् । ती कार्यकर्ताहरुले सम्भावित सुईबाट लागुपदार्थ प्रयोग गर्ने समुदायको पहिचान गरी क्षति न्युनिकरणको मुल सिद्धान्त अनुसार बिभिन्न शिक्षा प्रदान गर्दै आएका छन् । जो समुदाय सुइबाट लागुपदार्थ प्रयोग गर्छन् ती समुदायलाई सुईको प्रयोगबाट हुने विभिन्न हानिहरुको बारेमा जानकारी दिइ सुईको प्रयोगमा निरुत्साहित गर्न सहयोग गर्ने गर्दै आएका छन् । जो समुदाय सुइको प्रयोग गर्नैपर्ने अवस्थामा छन तिनीहरुलाई नयाँ सुई उपलब्ध गराई पुरानो सुई फिर्ता लिन्छन । साथै क्षति न्यनिकरणको लागि आवश्यक परामर्शका साथै अन्य सामाग्रीहरु जस्तै स्वाब, कण्डमहरु पनि वितरण गर्छन् ।

### बारा जिल्ला

कलैया नगरपालिकालाई आधार मानी वरिपरीका महागढीमाई र सिम्रोनगढ नगरपालिका, त्यसैगरी जितपुरसिमरा उपमहानगरपालिकालाई आधारमानी निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, परवानीपुर गाउँपालिकामा यो कार्यक्रम संचालित छ । बारा जिल्लाको हकमा १ डि.आई.सि.संचालित छ साथै यस जिल्लामा ५ जना सामुदायिक कार्यकर्ता कार्य क्षेत्रमा परिचालित छन् । ती कार्यकर्ताहरुले सम्भावित सुईबाट लागुपदार्थ प्रयोग गर्ने समुदायको पहिचान गरी क्षति न्युनिकरणको मुल सिद्धान्त अनुसार बिभिन्न शिक्षा प्रदान गर्दै आएका छन् । जो समुदाय सुइबाट लागुपदार्थ प्रयोग गर्छन् ती समुदायलाई सुईको प्रयोगबाट हुने विभिन्न हानिहरुको बारेमा जानकारी दिइ सुईको प्रयोगमा निरुत्साहित गर्न सहयोग गर्ने गर्दै आएका छन् । जो समुदाय सुइको प्रयोग गर्नैपर्ने अवस्थामा छन तिनीहरुलाई नयाँ सुई उपलब्ध गराई पुरानो सुई फिर्ता लिन्छन । साथै क्षति न्यनिकरणको लागि आवश्यक परामर्शका साथै अन्य सामाग्रीहरु जस्तै स्वाब, कण्डमहरु पनि वितरण गर्छन् ।

## रौतहट जिल्ला

गौर नगरपालिकालाई आधार मानी वरीपरिका राजदेवी नगरपालिका, यमुनामाई गाउँपालिका र दुर्गाभगवती गाउँपालिक साथै चन्द्रपुर नगरपालिकालाई आधार मानी गुजरा नगरपालिका यो कार्यक्रम संचालित छ । रौतहट जिल्लाको हकमा चन्द्रपुरमा १ डि.आई.सि.गौरमा १ एक्सचेन्ज सेन्टर संचालित छन् साथै यस जिल्लामा ५ जना सामुदायिक कार्यकर्ता कार्य क्षेत्रमा परिचालित छन् । ती कार्यकर्ताहरुले सम्भावित सुईबाट लागु पदार्थ प्रयोग गर्ने समुदायको पहिचान गरी क्षति न्युनिकरणको मुल सिद्धान्त अनुसार बिभिन्न शिक्षा प्रदान गर्दै आएका छन् । जो समुदाय सुइबाट लागुपदार्थ प्रयोग गर्छन् ती समुदायलाई सुईको प्रयोगबाट हुने बिभिन्न हानिहरुको बारेमा जानकारी दिइ सुईको प्रयोगमा निरुत्साहित गर्न सहयोग गर्ने गर्दै आएका छन् । जो समुदाय सुइको प्रयोग गर्नैपर्ने अवस्थामा छन तिनीहरुलाई नयाँ सुई उपलब्ध गराई पुरानो सुई फिर्ता लिन्छन । साथै क्षति न्यनिकरणको लागि आवश्यक परामर्शका साथै अन्य सामाग्रीहरु जस्तै स्वाब, कण्डमहरु पनि वितरण गर्छन् ।

## सर्लाही जिल्ला

लालबन्दी नगरपालिकालाई आधार मानी ईश्वरपुर, हरिपुर, हरिवन, बाग्मती, बरहथवा नगरपालिका र साथै बसबरिया र धनकौल गाउँपालिका । यसैगरी मलगंवा नगरपालिकालाई आधार मानी ब्रह्मपुरी, कौडेना, बिष्णु, चक्रघट्टा, पर्सा, चन्द्रनगर गाउँपालिकाहरु साथै कविलासी, गोडैता र हरिपुर्वा नगरपालिकाहरुमा यो कार्यक्रम संचालित छ । सर्लाही जिल्लाको हकमा लालबन्दीमा १ डि.आई.सि.मलंगवामा १ एक्सचेन्ज सेन्टर संचालित छ साथै यस जिल्लामा ६ जना सामुदायिक कार्यकर्ता कार्य क्षेत्रमा परिचालित छन् । ती कार्यकर्ताहरुले सम्भावित सुईबाट लागुपदार्थ प्रयोग गर्ने समुदायको पहिचान गरी क्षति न्युनिकरणको मुल सिद्धान्त अनुसार बिभिन्न शिक्षा प्रदान गर्दै आएका छन् । जो समुदाय सुइबाट लागुपदार्थ प्रयोग गर्छन् ती समुदायलाई सुईको प्रयोगबाट हुने बिभिन्न हानिहरुको बारेमा जानकारी दिइ सुईको प्रयोगमा निरुत्साहित गर्न सहयोग गर्ने गर्दै आएका छन् । जो समुदाय सुइको प्रयोग गर्नैपर्ने अवस्थामा छन तिनीहरुलाई नयाँ सुई उपलब्ध गराई पुरानो सुई फिर्ता लिन्छन । साथै क्षति न्यनिकरणको लागि आवश्यक परामर्शका साथै अन्य सामाग्रीहरु जस्तै स्वाब, कण्डमहरु पनि वितरण गर्छन् ।

## लक्षित समुदाय :

- सुइ सिरिन्जबाट लागु पदार्थ प्रयोग गर्ने व्यक्ति तथा तिनका परिवारहरु र ओपियोड प्रयोगकर्ताहरु ।
- प्रहरी तथा विद्यालयमा अध्ययनरत विद्यार्थीहरु
- एचआईभिको जोखिममा रहेका अन्य समुदायहरु

## उद्देश्यः

- क्षति न्युनिकरणको उपयुक्त माध्यमद्वारा PWIDs लाई सुरक्षित व्यवहार अवलम्बन गर्नको लागि अभिप्रेरित गर्ने ।
- एच.आई.भि. परिक्षण सेवाको साथै यौन रोगको उपचारमा लक्षित वर्गको सरल पहुँचमा वृद्धि गर्ने ।
- HIV तथा AIDS नियन्त्रणको लागि स्थानिय स्तरमा बिभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुसँगको समन्वय र सहकार्यमा उनीहरुको क्षमता अभिवृद्धिको लागि काम गर्ने ।

## कृयाकलापः

- साथी शिक्षकको परिचालनद्धारा समाजमा लुकेर बसेका लागु पदार्थ प्रयोगकर्ताहरुको पहिचान गरी सेवा विस्तार गर्ने ।
- लागु पदार्थ प्रयोगकर्ताहरुसँग सुसम्बन्ध विस्तार गर्दै उनिहरुको जोखिमपूर्ण व्यवहारको विश्लेषण गर्ने ।
- लागु पदार्थ प्रयोगकर्ताहरुलाई उनीहरु कै स्थानमा गई जोखिमपूर्ण व्यवहार (साझा सुई को प्रयोग तथा असुरक्षित यौन सम्पर्क) नगर्न प्रोत्साहन गर्ने, त्यसका लागि आवश्यक शिक्षा, सूचना तथा संचार सामाग्रीहरु उपलब्ध गराउने ।
- लक्षित वर्गलाई यौन रोग, एच.आई.भी तथा अन्य रगत जन्य संक्रमणबाट तत्काल बचाउनको लागि उनीहरुको आवश्यकता अनुसार नयाँ सूई सिरिन्ज तथा कण्डम उपलब्ध गराउने ।
- लामो समयदेखि लागुपदार्थको लतमा परेकाहरुलाई उपचारका लागि प्रोत्साहित गर्ने तथा पुर्नस्थापना केन्द्रसम्मको पहुँच बढाउने ।
- लागु पदार्थ प्रयोगकर्ताहरुलाई स्वास्थ्य तथा खानपानमा ध्यान दिन प्रोत्साहन गर्ने, परामर्श सेवा उपलब्ध गराउने ।
- डि.आई.सी.तथा इ.सि.को माध्यामबाट लागुपदार्थ प्रयोगकर्ताहरुलाई तत्काले आवश्यक परेका प्राथमिक स्वास्थ सेवाहरु उपलब्ध गराउने तथा आवश्यक परेमा अस्पताल रिफरल गरी उपचार गर्ने ।
- एक पटक प्रयोग भैसकेको सुई सिरिन्ज पुन: प्रयोग नगरुन भन्ने अभिप्रायले प्रयोग भैसकेको सूइ सिरिन्ज डि.आई.सी.मा फिर्ता ल्याउन प्रोत्साहन गर्ने, आउटरिच तथा नियमित भेटघाट द्धारा त्यस्ता सूई सिरिन्ज संकलन गरी उचित व्यवस्थापन गर्ने ।
- लक्षित वर्गको जोखिमपूर्ण व्यवहारको विश्लेषण गरि एच.आई.भि. परिक्षण (CLT) वा एचआईभी स्वेक्षिक परिक्षण ( Self Test) सेवाका प्रदान गर्ने ।
- समाजिक सहजिकरण तथा कार्यक्रमको प्रचार, प्रसार र प्रवर्द्धनको लागि दिवसीय कार्यक्रम मार्फत जनचेतना अभिवृद्धि गर्ने ।

## मुख्यक्रियाकलापहरू :

### आउटरिचः

- सुई सिरिन्च साटासाट कार्यक्रम
- व्यावहार परिवर्तन शिक्षा कार्यक्रम
- सुचना, शिक्षा तथा संचार सामग्री वितरण कार्यक्रम
- कण्डम वितरण कार्यक्रम
- एचआईभि परक्षण तथा प्रेषण कायंकम
- रिहाव प्रेषण कार्यक्रम
- साथी शिक्षक परिचालन कार्यक्रम

### CLT कार्यक्रमः

- स्वेक्षिक एच आइ भि रगत परिक्षण
- गोप्य परिक्षण रिपोर्ट वितरण
- यौन रोग उपचार र औषधी वितरण

- कन्डम वितरण कार्यक्रम
- सामुदायिक हेरचाह केन्द्र प्रेशण कार्यक्रम
- सुचना,शिक्षा तथा संचार सामग्री वितरण कार्यक्रम

## डि.आई सि तथा एक्सचेन्ज सेन्टर संचालन

- सुई सिरिन्ज साटासाट कार्यक्रम
- व्यावहार परिवर्तन शिक्षा कार्यक्रम
- सुचना, शिक्षा तथा संचार सामग्री वितरण कार्यक्रम
- कण्डम वितरण कार्यक्रम
- एचआईभि परक्षण तथा प्रेषण कार्यक्रम
- प्राथमिक उपचार सेवा
- मनोरञ्जन तथा आरामगृह

## मौखिक प्रतिस्थपन पद्धति

सुईबाट लागु पदाथको प्रयोग गर्दा यदि साझा सुईको प्रयोग भएमा एचआईभि तथा अन्य रगतजन्य संक्रमण हुन सक्ने सम्भावना त छदै छ तापनि सुइको प्रयोगबाट एब्सेस हुने, नशा सुक्ने, घाउ चोटपटक लाग्ने सम्भावना पनि निकै छ अत: सुईबाट लिने लागु पदार्थलाई मोखिक सेवन गर्ने पदार्थको रुपमा सेवन गर्न लगाएमा उक्त क्षति कमगर्न सकिने भएकोले विजामले नेपाल सरकारको गृह मन्त्रालय तथा नारायण अस्पतालसंगको साझेदारीमा मौखिक प्रतिस्थापन सेवा पनि संचालन गर्दै आएको छ यस वर्षको अन्तिम महिना (डिसेम्बर२०२२) मा ४२ जनाले नियमित औषधि लिइरहेका छन भने ३९५ जनाको दर्ता भैसकेको छ ।

।

## उपलब्धीहरूः

- क्षति न्युनिकरणकार्यक्रमले गर्दा लागुपदार्थ प्रयोगकर्तामा एच.आई.भि. तथा यौनरोग संक्रमणमा कमी आएको ।
- सुचना, शिक्षा तथा संचार सामग्री वितरण कार्यक्रमले गर्दा स्वेक्षिक परामर्श र स्वेक्षिक एच. आइ. भि.रगत परिक्षण गराउन आउने संख्यामा बढोतरी क्रमश: हुदै गएको ।
- एच.आई.भि. संक्रमितहरुको लागी सकरात्मक रोकथाम र उपचार तथा ए.आर.भि. निरन्तरता, उपचार, पोषण तथा पि.एम.टि.सि.टी. कार्यक्रमले गर्दा संक्रमित तथा तिनका परीवारका लागी भरपर्दो तथा स्वास्थ्य मुलक लगायत अवसरवादी सङ्क्रमणमा कमी आएको ।
- यस वर्ष पर्सामा १३६० जना, बारामा १२२१ जना, रौतहटमा ७८६ जना र सर्लाही ११११ जना सुईबाट लागु पदार्थ सेवनकर्ताहरुलाई क्षति न्युनिकरण कार्यक्रम मार्फत भेटघाट गरी क्षति न्युनिकरणका सेवा प्रदान गरिएको छ ।
- त्यसैगरी पर्सामा १६२८१६ वटा, बारामा १४९९६० वटा, रौतहटमा १११७७० वटा र सर्लाही १६०४५० वटा सिरिन्ज वितरण गरी सिरिन्ज साटासाट गर्ने वातावरण न्युनिकरण गरिएको छ ।

- त्यसैगरी पर्सामा ११५१४६ बटा, बारामा १०१४५५ बटा, रौतहटमा ९६२८४ बटा र सर्लाही १३०२५० बटा सिरिन्ज फिर्ता लिइएको छ ।
- समुदायमा आधारित एचआईभि परिक्षण अन्तर्गत यस वर्ष जम्मा ४२५५ जना सुईबाट लागु पदार्थ सेवनकर्ताहरुको एचआईभि परिक्षण गरिएकोका १ जना सुईबाट लागु पदाथ प्रयोग गर्ने ८ जना सर्वसाधारण व्यक्ति एच आईभि परिक्षण सकारात्मक भेटियो ( पर्सामा १३५४ जनामा, बारामा १०७५ जनामा, रौतहटमा ७६३ जना र सर्लाही १०६३ जनामा एचआईभि परिक्षण गरिएको छ ) ।
- समुदायमा आधारित एचआईभि परिक्षण अन्तर्गत यस वर्ष जम्मा ६ Index case मा एचआईभि परिक्षण गरिएकोमा सबैजना को एचआईभि परिक्षण नकारात्मक आएको छ ।
- यस बर्षमा ९ जनामा एचआईभि परिक्षण सकारात्मक आएकोले एआरभि सेवामा पहुँच गरिएको ( पर्सामा ४ जना, बारामा ०, जना सर्लाहीमा २ जना र रौतहटमा ३ जना ) छ ।
- कण्डम वितरणमा पर्सामा ७६२५३ बटा , बारामा ७७६२८ बटा, रौतहटमा ५२२२४ बटा र सर्लाही ६६६४२ बटा कण्डम वितरण गरी असुरक्षित यौन व्यवहार हुने वातावरण न्युनिकरण गरिएको छ ।
- पर्सा जिल्लामा संचालित मौखिक प्रतिस्थापन सेवामा यस वर्षको अन्त्य सम्ममा ४४८ जना दर्ता भई सकेका छन भने यो वर्षको अन्त्य सम्ममा ५१ जनाले नियमित ओएसटि सेवा लिईरहेका छन ।

## चुनौतीहरू

- यस बर्ष प्रयोग गरिएको सिरिञ्जको व्यवस्थापन गर्न जलाउन पर्ने भएकोले वातावरणिय प्रभावले असर गरेको छ ।
- अटो लक सिरिञ्जको वितरण गर्दा सेवाथीले लिन नमानेको ।
- विजामबाट संचालित क्षति न्युनिकरण कार्यक्रमको चार वटै जिल्लामा DIC संचालनमा छन् । शुरुमा यसलाई सानो क्लिनिकको रुपामा संचालन गरीएको थियो तर कालान्तरमा सबै सेवाहरु घट्दै गयो साथै यो एउटा एक्सचेन्ज सन्टरको रुपमा संचालित हुदै आएको छ ।
- यस वर्षदेखि संचालनमा आएको ONHIS पनि समय समयमा नचल्दा नियमित इन्ट्रीमा समस्या परेको छ र साथै फिल्डमा कार्यरत कर्मचारी पनि प्रविधिमैत्री नहुँदा नियमित काम प्रभावित हुने गरेको छ ।
- सेवाथीले आफु पहिले नै संक्रमित भएको कुरा लुकाएर एचआइभी जाँच गराउने अनि कन्फर्मेटिभ जाँच गराउन जादा पो उ पहिले नै संक्रमित रहेको खुल्ने भएकोमा एकातिर किटको नोक्सानी र अर्कोतिर समयको बर्बादि पनि हुँदै आएको छ ।
- OST को हकमा सर्भिस साइट एकै ठाउँमा रहेकोमा टाढा टाढाका सेवाथीहरुको नियमित औषधि सेवनमा कठिनाई भएको छ ।

## सुझावहरू:

- ओएसटिमा नयाँ सेवाथी इनरोल गर्दा अभिभावकको पनि सहभागिता गर्नुपर्ने ।
- ओएसटिमा नयाँ सेवाथीको सस्थ्य बिमा गर्नुपर्ने ।
- सिरञ्जको बैज्ञानिक व्यवस्थापन हुनुपर्ने ।
- सबै जिल्लाको DIC सेन्टरहरुलाई सानो क्लिनिकको रुपमा बिस्तार गरी अन्य सुविधाहरु पनि थप्न सकेमा सेवाथीको संख्यामा बृद्धि तथा नियमितता मा पनि बृद्धि हुने थियो ।
- DIC सेन्टरलाई सानो क्लिनिकका रुपमा बिस्तार गर्दा धेरै जसो सानातिना केसलाई पनि अस्पतालमा रिफर गर्नुपर्ने अवस्थालाई कम गर्न सकिन्छ साथै प्राथमिक स्तरका सेवाहरु पनि तुरुन्त प्रदान गर्न सकिन्छ ।
- ONHIS Entry को हकमा जति सक्दा चाँडै नै नियमित गर्न सकेमा काममा छरितोपन आउन सक्थ्यो ।

- फिल्डका कर्मचारहरु कोचिङ्को भरमा CLT गर्दै आएका छन उनीहरुले एचआइभी Pre-test तथा Post Test Counseling को तालिम पाएका छैनन् र त्यसैले उनीहरुलाई सो तालिम प्रदान गर्न सकेमा सेवाथीको Screening गर्न सक्षम भई समय तथा किटको नोक्सानी कम गर्न सकिन्छ ।
- OST को हकमा शाखा विस्तार गर्न सकेमा सेवार्थीको संख्या बढाउन सकिन्छ ।

## परियोजना २

## कार्यक्रमको नाम : एफएचआई ३६० ईपिक नेपाल परीयोजना

एचआईभीको संक्रमण खास गरेर असुरक्षित यौन सम्पर्क र सूईद्धारा लागुपदार्थ प्रयोगको माध्यमबाट बढी सरेको पाइएको छ । यौन रोग तथा एचआईभीको जोखिममा बढि यौनकमीहरु, लागूपदार्थ प्रयोगकर्ता, यौन कर्मीका ग्राहकहरु, पुरुष समलिङ्गिहरु तथा तेस्रो लिङ्गीहरु रहेको पाइन्छ । एफएचआइ ३६०, ईपिक नेपाल परियोजना द्वारा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था मार्फत् नेपालमा यौनरोग र एचआईभी सर्न सक्ने उच्च जोखिममा रहेका व्यक्ति तथा समूहको जोखिम न्यूनिकरण गरी सकारात्मक व्यवहार परिवर्तन गर्न र निरन्तरता दिनका लागी बिभिन्न कार्यक्रमहरु सञ्चालन हुदै आएको छ । उच्च जोखिममा रहेका समूह, महिला यौनकर्मी, यौनकर्मीका ग्राहक, अन्य जोखिममा रहेका व्यक्तिहरु माफ एचआईभी रोकथाम कार्यक्रम, यौन रोग जाँच तथा उपचार देखि परामर्श एवं जाँच पश्चात पत्ता लागेका एचआईभी संक्रमितहरुकालागी अवसरवादि संक्रमणको जाँच तथा उपचार सेवाहरु यस परियोजना अन्तंगत प्रदान गरीदै आएको छ । साथै महिला यौनकर्मीहरुलाई तथा अन्य जोखिममा रहेका व्यक्तिहरु माफ एचआईभी संक्रमणबाट रोकथामकोलागि प्रेप सेवा पनि नि:शुल्क उपलब्द गराउदै आएको छ ।

### कार्य क्षेत्र तथा लक्षितवर्ग

पर्सा जिल्लाको सम्पुर्ण नगरपालिका तथा गाउपालिकाहरु

लक्षितवर्ग: महिला यौनकमी, महिलायौनकर्मीका ग्राहक, एचआईभीको जोखिममा रहेका अन्य समुहहरु तथा एच.आइ.भी संक्रमितहरु

### उद्देश्य


- एच.आइ.भी को संक्रमण दर घटाउनु ।
- यौन रोगको उपचारको खोजीमा बृद्धि ल्याउनु ।
- यौन रोगको जाँच तथा गुणस्तरीय उपचार सेवाप्रदान गर्नु ।
- एच.आइ.भी परामर्श एवं जाँच सेवा (स्विकृती लिइ जाँचपूर्वको परामर्श, जाँच र जाँच पश्चातको परामर्श) उपलब्ध गराउनु
- एच.आइ.भी संक्रमितहरुलाई स्वस्थ्य जिवनयापनको लागी उपयोगी सेवा को साथै प्रेषण सेवा उपलब्ध गराउनु ।
- एच.आई.भि. संक्रमितहरुको क्षमता अभिवृद्धि गर्नु । एच.आई.भि. परिक्षणलाई लक्षितवर्ग माँफ सर्वसुलभ बनाउनु र उनीहरुको पहुँच बढाउनु ।
- महिला यौनकमी तथा अन्य जोखिममा रहेका व्यक्तिहरुलाई प्रेप कार्यक्रममा आवद्ध गराई एचआईभी संक्रमण हुनबाट बचाउनु ।
- एचआईभी संक्रमितहरुलाई सामुदायिक कार्यक्रमको माध्यमबाट ART adherence तथा Viral load सम्बन्धि जनचेतनामा अभिवृद्धि गर्नु ।

- समुदाय, स्वास्थ्य क्षेत्र तथा कार्यस्थलमा हुने लाञ्छना तथा भेदभाव कम गर्न तालिम, गोष्ठि, वकालत जस्ता कार्यक्रम संचालन गर्नु

## क्रियाकलापः

- कर्मचारी तथा लक्षित समुदायको क्षमता अभिवृद्धि
- एच.आइ.भी. रोकथामको लागी
  - सिटी क्लिकि सञ्चालन
  - आउटरिच (घरदैलो)
  - प्रेषण कार्यक्रम
  - कण्डम वितरण
  - ड्रप इन सेन्टर
- सीटी क्लिनिक कार्यक्रम अन्तंगत संचालित मुख्य मुख्य क्रियाकलाप
  - यौन रोग जाँच तथा उपचार
  - एच.आइ.भी. सम्बन्धी परामर्श तथा जाँच सेवा
  - महिला यौनकर्मी तथा अन्य जोखिममा रहेका व्यक्तिहरुको लागि प्रेप सेवा
  - महिला यौनकर्मी तथा अन्य जोखिममा रहेका व्यक्तिहरुको लागि जनचेतना कार्यक्रम
  - एच.आइ.भी संक्रमितहरुका लागी परामर्श सेवा
  - मानसिक श्वास्थ्य सम्बन्धि परामर्श तथा प्रेषण सेवा
- समन्वय, सञ्जाल तथा वकालतलाई सवलीकरण गर्ने कार्यक्रम अन्र्तगत संचालित मुख्य मुख्य क्रियाकलापहरु
  - लक्षितवर्ग माभm जनचेतना मुलक तालिम गोष्ठि
  - लाञ्छना तथा भेदभाव न्युनिकरण तालिम
  - स्थानिय संघ संस्थाहरु विच समन्वयात्क वैठक संचालन
  - विशेष दिवस समारोह आयोजना गर्ने तथा मनाउने (Condom Day, World AIDS Day,International AIDS Candle Light day)

उपलब्धिहरू:



Annual Target vs Achievement
400
350
300
100
50
0
377
368
195
238
298
356
28
28
20
43
102
89
Prevention services to KPs
Prevention services to other male & Female
HIV testing to KPs & PPs
Index Testing
New HIV Case Finding
PrEP enrollment
Target
Achievement




Annual Target vs Achievement
250
200
150
50
0
230
217
37
58
114
236
50
84
114
101
85
47
HIV Self Test to KPs & PPs
Support in ART initiation to KPs &PPs
STI screening to KPs & PPs
STI diagnosis and treated to KPs & PPs
Merosathi booking
Merosathi testing
Target
Achievement







## आ.ब. को जम्मा आय ब्यय विवरण.

**जम्मा वार्षिक आय तथा ब्यय : ३,२९,०२,४५६/३७**

उपलब्धिहरूः

## वार्षिक अन्य कार्यक्रमहरूः

| S.N | Name of Events | No. of events conducted |
|---|---|---|
| 1 | Support Group Meeting | 12 |
| 2 | Creative Events | 16 |
| 3 | Stigma & Discrimination Reduction Training | 5 |
| 4 | Monthly meeting with ART centre | 12 |
| 5 | Coordination meeting with Stakeholders | 2 |
| 6 | Monitoring visits from HO/Local Government Body/ART conselor & Clinicians | 12 |
| 7 | National International day celebration | 4 |
| 8 | Monthly meeting with Provincial Coordinator | 12 |
| 9 | Monthly performance review meeting | 12 |
| 10 | CME | 2 |

## चुनौतीहरूः

- विजामद्वारा संचालित सिटि क्लिनिकमा यौन रोग उपचारको लागि चाहिने आवश्यक सबै औषधि उपलब्ध नहुदा यौन रोग पुर्ण रुपमा निदानमा समस्या आईरहेको छ ।
- महिला यौनकर्मी सेवाग्राहीहरुमा शिक्षाको कमी तथा मोबाईल हुने भएकोले प्रेप निरन्तरतामा समस्या आईरहेको छ । त्यसै गरी एचआईभीको जोखिममा रहेका अन्य महिला तथा पुरुष मा पनि यस्तै समस्या देखा परिरहेको छ ।
- विजामद्वारा संचालित सिटि क्लिनिकमा HIV Confirmation Test नहुदा HIV Reactive आएका सेवाग्रहिहरु भाग्न सक्ने वा Confirmatory Test को लागि नआउन सक्ने हुन्छन ।
- एचआईभी संक्रमितहरु बिरामी परी उपचार गराउन आउदा डाक्टरको प्रेस्क्रप्सन अनुसारका औषधिहरु किन्ने क्षमता नभएकाहरु लाई उपचार गराउन गाह्रो भैरहेको छ । साथै विमा गराएकाहरुलाई पनि नारायणी अस्पतालबाट सबै औषधि उपलब्ध हुन सकिरहेको छैन ।
- केहि नयाँ संक्रमितहरुले मलाई केहि भएको छैन, आयुर्वेदिक औषधि खादा ठिक भैहाल्छ भन्ने बहाना बनाएर ARV बिचैमा छोड्ने गरेको देखिनछ ।
- नारायणी अस्पतालमा पर्सा बाहेक अन्य जिल्लाका संक्रमितहरुले पनि एआरभी लिने गर्दछन् । त्यसैगरी कतिपय संक्रमितहरु कामको सिलसिलामा लामो समयको लागि भारत जाने हुदा समय पुगे पनि भाईरल लोडको परिक्षण गराउन नसक्दा यस बर्ष ७० प्रतिशतले मात्र भाईरल लोडको परिक्षण गराउन सकेका छन् ।
- समय समयमा प्रहरीको रेड पर्दा महिला यौनकर्मीहरु हराउने, सम्पर्क न. परिवर्तन गरिदिने, डरले सिटि क्लिनिकमा नआउने हुदा उनीहरुमा एचआईभीको जोखिम बढ्छ साथै प्रेप खाइरहेकाहरु डिसन्टिन्यु पनि हुने गरेका छन् ।

## सुझावः

- यौन रोगको औषधि उपलब्धताको लागि इपिक नेपाल, स्वास्थ्य कार्यालय तथा विरगंज महानगरपालिका संग समन्वय गर्नु पर्ने ।
- प्रेपमा आवद्ध रहेका महिला यौनकर्मीहरु तथा अन्य जोखिम समुहलाई राम्ररी काउन्सेलिङ्ग गर्नु पर्ने तथा माईग्रेन्ट भएकाहरुको ठेगाना पता लगाई सम्बन्धित जिल्लामा रहेका इपिक परीयोजनासंग समन्वय गराउनु पर्ने ।
- सिटि क्लिनिकमा Confirmatory Test को लागि पहल गर्नु पर्ने ।

- नारायणी अस्पतालमा डाक्टरको प्रेस्कृप्सन अनुसारको औषधि उपलब्धताकोलागि नाराउणी अस्पतालसंग समन्वय गर्नु पर्ने ।
- ART शुरु गर्दा नयाँ एचआइभी संक्रमितहरुलाई राम्ररी काउन्सेलिङ्ग गर्नु पर्ने तथा 180 days package अनुसार कार्य गर्नु पर्ने ।
- संक्रमितहरुलाई भाईरल लोड परिक्षणको महत्वको बारेमा राम्ररी काउन्सेलिङ्ग गर्नु पर्ने ।
- सिटि क्लिनिकमा कण्डम मात्र नभई विभिन्न खाले शिक्षा, रेफरल पनि हुने गरेको तथा त्यसबाट हुने फाईदाहरुको बारेमा पनि जानकारी गराउनु पर्छ ।
- प्रहरी संग समन्वय गरी रेड गर्दा महिला यौनकर्मीहरुमा पर्ने सक्ने समस्या विषयमा छलफल गर्नु पर्ने ।

## परियोजना ३

# ड्रिम परियोजना (सम्भव छ)

लागु पदार्थ प्रयोगको रोकथाम तथा नियमन गर्नको लागि बिजामले खास गरी लागु पदार्थ प्रयोगकर्ताको लागि उपचार तथा यत्रतत्र सजिलै उपलब्ध हुने प्रथमिक तहका लागु पदार्थको नियमन गर्नको लागि बिजामले स्थानिय पालिकाहरुसंगको साझेदारितामा ड्रिम परियोजना (सम्भव छ) संचालन गरेको छ । यस परियोजनाका कृयाकलापहरु यस प्रकार छ ।

१) उपचार तथा उनस्थापना: नेपाल सरकार गृह मन्त्रालयको सर्वेक्षण अनुसार नेपालमा लागु पदार्थ प्रयोगकर्ताको संख्या वार्षिक रुपमा करिब ५ प्रतिशतले बृद्धि भइरहेको छ । एकातिर लागु पदार्थ प्रयोगकर्ताका संख्या बृद्धलाई रोक्नु छ भने स्थानिय तहमा लागु पदार्थको उपलब्धता पनि सहज छ । त्यसैले यस परियोजनाले वार्षिक रुपमा २०० जना लागु पदार्थ प्रयोगकर्ताको उपचार गरी उनिहरुलाई लागु पदार्थ मुक्त गर्ने लक्ष्य राखेको छ ।

२) सिप विकास तथा तालिम: लागु पदार्थ प्रयोगकर्ताको उपचार गरी उनिहरुलाई लागु पदार्थ मुक्त गरेर मात्र पुग्दैन र यसले दीर्घकालसम्म उनीहरुलाई लागु पदार्थ मुक्त गरेर राख्न पनि सकिदैन ।त्यसैले यस परियोजनाले उनीहरुलाई लागु पदार्थ मुक्त गरेर कुनै सिपहरु सिकाएर आत्मनिर्भर गर्ने पनि लक्ष्य राखेको छ ।

३) सामाजिक पुनर्मिलन: लागु पदार्थ मुक्त गरेर कुनै सिपहरु सिकाएर आत्मनिर्भर गरिसके पछि मात्र उनीहरुलाई समाजमा उनीहरुको अभिभावको जिम्मा लगाइने छ र समाजमा पुनर्मिलन:हुने छ ।

४) स्थानिय सरकारसंको सहकार्य:यस कार्यको लागि बिजाम एक्लैले सक्दैन र एक स्थायी श्रोतको पनि आवश्यकता पर्दछ र त्यसैले स्थानिय पालिकसंग सहकार्य गरी दीघकालिन स्थायित्व दिइने छ ।

हाल सम्म बारा र पर्सा जिल्लाका निम्न पलिकाहरुसंग सम्झौता पनि भइसकेको छ ।

१) वीरगंज महा नगरपालिका

२) पकाहामैनपुर गाउँ पालिका

३) पोखरिया नगरपालिका

५) जिराभवानी गाउँपलिका

६) कलैया उपमहानगरपालिका

ड्रिम परियोजना एक बिजामको नविन प्रयास हो र यसले समाजमा बढ्दो रुपमा भइरहेको लागु पदार्थको रोकथाम तथा नियमन गरी स्थानिय सरकारसंगको सहकार्यमा लागु पदार्थ पैयोगकर्ताको संख्यामा कमी ल्याएर तथा लागु पदार्थको उत्पादन बिक्री तिरण तथा प्रयोगमा अनुासन ल्याएर साममजिक समस्याको रुपमा रहेको यो समस्यालाई क्रमश: क मगर्दै लैजाने एक सोच हो ।

## आ.ब. को जम्मा आय ब्यय विवरण.

**जम्मा वार्षिक आय  तथा ब्यय  : ३,२९,०२,४५६/३७**

# तस्विर आफै बोल्छ:



Monthly ART Meeting



Monitoring visit by Chief of Health Office, Parsa and health coordinator of Birgunj Metropolitan City